# तुलसीपुर उपमहानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनि प्रदेश, नेपाल

## ग्याबिन तारजाली बक्स खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/१८)

**सुचना नः TSMC/SQ/S/01/G/080/081**

आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम अनुसार यस तुलसीपुर उपमहानगरपालिकाको बिभिन्न स्थानमा वाढि पहिरो डुवानका साथै कटानवाट हुनसक्ने जनधनको क्षतिलाई न्यूनिकरण तथा व्यवस्थापनका लागि आवश्यक ग्याबिन बक्स तारजालीको व्यवस्था गर्नु पर्ने भएकाले ग्याबिन तारजाली बक्स खरिद गर्नु पर्ने भएकाले निम्न शर्तहरुको अधिनमा रहि शिलवन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्त तथा बन्देज**

१ राष्ट्रिय वा स्थानीय दैनिक पत्रिकामा वा यस कार्यालयको वेव साईट www.tulasipurmun.gov.np मा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात मिति २०८०/०९/२४ गते सम्म कार्यालय समय भित्र रु. १०००/- (अक्षेरुपी एक हजार रुपैयां) फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कलै नगदी रसिद वा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, तुलसीपुर दाङको इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड तुलसीपुर शाखामा रहेको ग.१.१ स्थानिय तह आन्तरिक राजश्व खाना नं. ०३१०१४००२५००९२ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न राखी यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखा(जिन्सी शाखा)वाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२ दरभाउ पत्र फाराम खरिद गर्न लिखित निवेदनका साथ शिलबन्दी आ.व.०८०/०८१ सम्मको लागि नविकरण गरिएको सम्बन्धित बिषयको कारोबार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, उद्योग व्यवसायी प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपि र आ.व. २०७९/०८० को कर चुक्ता गरेको प्रमाण पत्र वा करमा विवरण पेश गरेको कागजातका प्रतिलिपिहरु संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ।

३ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन अर्थात २०८०/०९/२५ गतेको कार्यालय सभय भित्र खरिद गरेको दरभाउपत्र रीतपुर्वक भरी तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय दाङमा शिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ। म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु मिति २०८०/०९/२५ गते दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४ दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिस दिन मानिने छ।

५ दरभाउपत्र दाताले आफुले पेश गरेको दरभाउपत्रको सिलवन्दि खाम बाहिर दरभाउपत्र पेश गरेको कार्यालयको नाम, दरभाउपत्र नं. र कामको विवरण, दरभाउपत्र दाताको स्पष्ट नाम र ठेगाना समेत उल्लेख गर्नु पर्नेछ।

६ शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम रु. ३०,०००/-(अक्षरुपी तिस हजार मात्र) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिको कार्यालय तुलसीपुर, दाङको, इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, तुलसीपुरमा रहेको ग ३.१ स्थानिय तह धरौटी खाना नं. ०३१०१४००२५००३० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ७५ दिन

७ (दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि) म्याद कायम रहेको मान्यता प्राप्त बैंकवाट यस कार्यालयको नाउँमा जारी भएको बैंक जमानत(विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नु पर्नेछ।

९।१८

सन्त बहादुर थापा

आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख

८ दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएमा कुल कवोल अंक(मु.अ.कर सहित) को ५ प्रतिशत सम्मले नपुग हुने थप धरौटी वापतको रकम सम्झौता गर्नु अगावै माथि उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा सामान आपूर्ति गर्ने अन्तिम अवधि भन्दा घटीमा ३० दिन वढी म्याद कायम रहेको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गरी संझौता गर्नु पर्नेछ ।

९ दरभाउपत्रको ग्याविन तारजाली वक्स खरिदका लागि एउटै BOQ दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेटमा फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ ।

१० दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको वा टिपेक्स लगाएको स्थानमा सहिछाप गरेको हुनु पर्नेछ । साथै दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाको आधिकारीक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लगाएको हुनु पर्नेछ । दरभाउपत्र फारामको फोटोकपी गरी पेश गरेको, यस कार्यलयबाट बिक्रि नभएको तथा एक व्यक्ति वा फर्मको नाउँमा बिक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको दररेट अंक र अक्षरमा दुवैमा नलेखिएको, एक आपसमा मिलेमतो गरी दरभाउपत्र पेश गरेको वा फर्मको तर्फबाट कुनै शर्त राखि गरेको दरभाउपत्रलाई मान्यता दिइनेछैन । साथै म्याद नाघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

११ बिल अफ क्वान्टिटीज(BOQ) मा उल्लेखित ग्याविन तारजाली वक्सको परिमाणमा थपघट भएमा दरभाउपत्र दाताले कवोल गरेको प्रति इकाई दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

१२ आपूर्ति कर्ताले खरिद कर्ताको कार्यालयहाता भित्र सम्म ढुवानी गर्न, लोड, अनलोड गर्न लाग्ने खर्च लगाएत सबै प्रकारका करहरु व्यहोर्नु पर्नेछ ।

१३ स्थानिय सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका दरभाउपत्र पुर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएका ग्याविन तारजाली वक्सको परिमाणमा थपघट हुन सक्नेछ । यसरी थपघट भएता पनि दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

१४ तोकिएको परिमाण र प्राविधिक स्पेसिफिकेशन वमोजिम गुणस्तर भएको सबैभन्दा कम दरभाउ कवोल गर्ने फर्म तथा सप्लायर्सको दरभाउपत्र स्वीकृत गरिनेछ ।

१५ दरभाउपत्र दाताले दरभाउपत्रमा कुनैसंशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्ने छैन ।

१६ रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवारही गरिने छैन । साथै दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र ग्याविन तारजाली वक्स सामानहरु बुझाउनु पर्नेछ र केही अश अथवा सम्पूर्ण ग्याविन तारजाली वक्स बुझाउन नसकेमा सार्वजनिक खरिद सम्बन्धी ऐन, नियम बर्मोजिम नै कारवाही हुनेछ यो सम्बन्धि लाग्ने सम्पूर्ण खर्च तथा करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१७ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४० को उपनियम(२) (ङ) वमोजिम दरभाउत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहमा आफ्नो कुनै स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धि कसुरमा आफुले कुनै सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वःघोषणा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१८ दरभाउपत्र स्वीकृती पश्चात ग्याविन तारजाली वक्स कुनै कारणवस बजारमा अभाव वा अन्य कारणले गर्दा दरभाउपत्रमा कवोल गरिए वमोजिमको परिमाणमा सप्लाई गर्न नसकेमा सो को कारण कार्यालयलाई मनासिव लागेमा सप्लाई कार्यको म्याद थप गर्न सकिने छ ।

१९ उपरोक्त सर्त बाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ । वोलपत्र सम्वन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखामा वुझ्न सकिनेछ । यो सूचना यस कार्यालयको सूचना पाटी, वेभसाइट **www.tulsipurmun.gov.np** मा समेत हेर्न सकिनेछ ।

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०८०/०४/१८
[illegible] बहादुर थापा
आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख